## कोषद्वारा सञ्चालित कार्यक्रममा सहभागी भई भविष्य सुरक्षित बनाऔं

- कोषका सहभागीहरूलाई वार्षिक ९.५ प्रतिशत ब्याजदरमा घरजग्गा धितो राखी घर मर्मत गर्न, फ्ल्याट/घर खरिद गर्न, घरको तला थप्न र नयाँ घर निर्माण गर्नका लागि कोषले तोकेको क्षेत्रमा बढीमा रु. ४० लाखसम्म कर्जा प्रदान गरिने ।

- कोषका सहभागीहरूलाई घरायसी, भैपरी आउने कामका लागि घरजग्गा धितो राखेर सरल कर्जाका रूपमा सहभागीको आर्थिक, सामाजिक, साँस्कृतिक र पारिवारिक प्रकृतिका कार्यका लागि २० लाख रूपैयाँसम्म वार्षिक १०.०० प्रतिशत ब्याजदरमा लिन पाइने ।
- कोष कट्टी गरेको २ आ.व.पछि बचत रकमको ८० प्रतिशत सापटी लिन पाइने ।
- आयकर ऐन २०५८ अनुसार छुट सुविधा पाइने ।
- कर्मचारी बचत वृद्धि स्वीकृत अवकाश कोषमा सहभागी बचतकर्ताको दुर्घटनावश: मृत्यु भएमा १ लाखसम्मको दुर्घटना बीमाको व्यवस्था भएको ।


**नागरिक लगानी कोष**

**CITIZEN INVESTMENT TRUST**

केन्द्रीय कार्यालय: नयाँबानेश्वर, काठमाडौं, पो.ब.नं.: ५८५३

फोन नं.: ०१-४७८५३१९, ४७८५३२०, ४७८५३२१, ४७८५३२५, ४७८४२९८, ४७८१६७३

फ्याक्स: ०१-४७८५३२०, ४७८४९४५

वेभसाईट: www.nlk.org.np

पोखरा शाखा कार्यालय: ०६१-५३८०३०, ०६१-५३८०३१

विराटनगर शाखा कार्यालय: ०२१-४७२९९४, ०२१-४७२९९५


# नागरिक लगानी कोष
# CITIZEN INVESTMENT TRUST




कोषको निर्माणाधीन भवन

## २४ औं वार्षिक प्रतिवेदन
## आ.व. २०७४/०७५

# कोषको वर्तमान सञ्चालक समिति



प्रा.डा. रामचन्द्र भट्टराई
अध्यक्ष



डा. रामशरण खरेल
सदस्य



कवि प्रसाद पाठक
सदस्य



चन्द्रसिंह साउद
सदस्य



कमलेश कुमार अग्रवाल
सदस्य



लक्ष्मी प्रसाद पौडेल
सदस्य



अशोक बुढाथोकी
सदस्य



रमण नेपाल
सदस्य
(कार्यकारी निर्देशक)

# व्यवस्थापन समूह



रमण नेपाल
कार्यकारी निर्देशक



डा. इन्द्रकुमार कट्टेल
नायब कार्यकारी निर्देशक



गोपाल घिमिरे
निर्देशक



शोभा श्रेष्ठ (सुवेदी)
का.मु. निर्देशक



हेमन्त पोखरेल
का.मु. निर्देशक



अनिलकुमार ढकाल
नायब निर्देशक



बसन्तकुमार श्रेष्ठ
का.मु नायब निर्नेशक



भरतराज श्रेष्ठ
उपनिर्देशक



नवराज खड्का
उपनिर्देशक



रोशनजंग कार्की
उपनिर्देशक



नारायणप्रसाद घिमिरे
उपनिर्देशक



अमृतबहादुर अधिकारी
उपनिर्देशक



सुमन पौडेल
उपनिर्देशक



उमेश पनेरु
उपनिर्देशक



अन्जली आचार्य
उपनिर्देशक



प्रविन राई
उपनिर्देशक



जनकराज कंडेल
शाखा प्रमुख, विराटनगर



तेजनाथ पाण्डे
शाखा प्रमुख, पोखरा



दिपेन्द्रसिंह अधिकारी
बरिष्ठ अधिकृत



यमकुमार श्रेष्ठ
बरिष्ठ अधिकृत



तारानाथ भट्टराई
बरिष्ठ अधिकृत



हिरामणि खतिवडा
बरिष्ठ अधिकृत



रामशोभा ढुंगाना
बरिष्ठ अधिकृत



जयप्रसाद शाह
बरिष्ठ अधिकृत

**प्रशासन महाशाखा**
उद्धव सिलवाल, अधिकृत
**अवकाश कोष व्यवस्थापन महाशाखा**
बिजेन्द्रबहादुर रघुवंशी, अधिकृत
कुमार श्रेष्ठ, अधिकृत
सुवाषचन्द्र दाहाल, अधिकृत
सुनिल पौडेल, अधिकृत
प्रकाश श्रेष्ठ, अधिकृत

**अनुसन्धान तथा बजार विकास महाशाखा**
रीता पाठक (उपाध्याय), अधिकृत
**वित्त नियन्त्रण तथा आर्थिक प्रशासन महाशाखा**
रश्मी रिमाल, अधिकृत
हरिश्चन्द्र श्रेष्ठ, अधिकृत
**सूचना प्रविधि व्यवस्थापन महाशाखा**
भुपेन्द्रसिंह साउद
**आवास/सरल कर्जा शाखा**
दिपक घिमिरे, अधिकृत

**लगानी तथा अनुगमन महाशाखा**
नवराज गौतम, अधिकृत
**बीमा कोष शाखा**
रामेश्वर पुडासैनी, अधिकृत
कृष्णभक्त महर्जन, अधिकृत
राजेशराज जोशी, अधिकृत
रविन्द्रनाथ श्रेष्ठ, अधिकृत
अनिता थापा, अधिकृत
सुमना उपाध्याय, अधिकृत

**रिकन्सिलेसन शाखा**
संगिता शर्मा, अधिकृत
जीवनराज जोशी, अधिकृत
ऋषिराम फुँयाल, अधिकृत
**पोखरा शाखा कार्यालय**
पुरुषोत्तम भट्टराई, अधिकृत
**विराटनगर शाखा कार्यालय**
शिवप्रसाद उपाध्याय, अधिकृत

# नागरिक लगानी कोष

## केन्द्रीय कार्यालय

नयाँबानेश्वर, काठमाडौं, पो.ब.नं.: ५८५३
फोन नं.: ०१-४७८५३१९, ४७८५३२०, ४७८५३२१, ४७८५३२५, ४७८४२९८, ४७८१६७३
फ्याक्स: ०१-४७८५३२०, ४७८४९४५
वेभसाईट: www.nlk.org.np
पोखरा शाखा कार्यालय: ०६१-५३८०३०, ०६१-५३८०३१
विराटनगर शाखा कार्यालय: ०२१-४७२९९४, ०२१-४७२९९५

**शेयर सूचिकृत**
नेपाल स्टक एक्सचेन्ज लि.

**स्तर समूह**
"क"

**लेखापरीक्षक**
बि.के.मान सिंह
गोविन्द शर्मा गैह्रे
शिवहरि शर्मा

**कार्यकारी निर्देशक**
रमण नेपाल

**सञ्चालक समितिका सचिव**
नवराज खड्का

# नागरिक लगानी कोषको संक्षिप्त परिचय

**पृष्ठभूमि**

नेपाल सरकारको समेत लगानीमा नागरिक लगानी कोष ऐन, २०४७ अनुसार वि.सं. २०४७ चैत्र ४ गते स्थापना भई वि.सं. २०४८ माघ १ गतेदेखि कोषले औपचारिक रूपमा कारोबार सञ्चालनमा ल्याएको हो । आर्थिक विकासका लागि सर्वसाधारण जनतालाई बचत गर्न प्रोत्साहित गरी पुँजी वृद्धिका साथसाथै लगानीका अवसरहरू बढाउन तथा पुँजी बजारको विकासमा गतिशीलता ल्याउने प्रमुख उद्देश्य राखेर कोषको स्थापना भएको हो । उक्त उद्देश्य प्राप्तिका लागि कोषले सर्वसाधारण, विभिन्न संगठित संघ/संस्थामा कार्यरत कर्मचारी/कामदार तथा संगठित संघ/संस्थाहरूबाट समेत विभिन्न कार्यक्रम मार्फत बचत संकलन गरी त्यसरी संकलित बचत रकमलाई दक्ष र व्यावसायिक ढंगबाट लगानी प्रबन्ध गर्दै आएको छ । कोषले केन्द्रीय कार्यालय काठमाडौं सहित शाखा कार्यालय पोखरा र विराटनगरबाट सेवा प्रदान गरिरहेको छ । कोषको शेयरको चुक्ता पुँजी रु.१ अर्ब १० करोड रहेको छ । कोषले पुँजी बजार सम्बन्धी मर्चेन्ट बैंकरको रूपमा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्य, शेयर रजिष्ट्रारको कार्य र धितोपत्र प्रत्याभूतिको कार्य गर्दै आएको छ । साथै विदेश स्थित नेपाली नागरिकहरुबाट नागरिक एकांक योजना मार्फत बचत संकलन गरिरहेको छ ।

**कोषका त्रिकोणीय व्यावसायिक खम्बाहरू :**

(क) **बचत कार्यक्रम :**

- विभिन्न किसिमका योजनाहरू : कर्मचारी बचत वृद्धि अवकाश कोष, उपदान तथा पेन्सन कोष, वीमा कोष आदिको माध्यमबाट लामो अवधिको बचत संकलन गर्ने ।
- नागरिक एकांक योजनाको माध्यमबाट देश भित्रका र देश बाहिरका लगानीकर्ताहरुबाट बचत संकलन गर्ने।
- लगानीकर्ताहरूको खाता सञ्चालनको माध्यमबाट बचत संकलन गर्ने ।

(ख) **लगानी व्यवस्थापन :**

- संगठित संस्थाको शेयर, ऋणपत्र तथा सरकारी धितोपत्रमा लगानी गर्ने ।
- शेयर खरिद गर्नका लागि कर्जा प्रवाह गर्ने ।
- संगठित संस्थाहरुलाई निश्चित अवधिको ऋण आवश्यक भएमा वित्तीय सहयोग (Bridge Finance) प्रदान गर्ने ।
- सहभागीका लागि आवश्यक आवास कर्जा, शैक्षिक कर्जा तथा सरल कर्जा उपलब्ध गराउने ।
- बचतबाट प्राप्त रकमलाई उपयुक्त Portfolio बनाई उच्च प्रतिफल प्राप्त हुने क्षेत्रहरूमा लगानी गर्ने ।

(ग) **पुँजी बजार सेवा :**

- विभिन्न कोषको नासो संरक्षण (Trustee Services) गर्ने ।
- ऋणपत्र Trustee सेवा प्रदान गर्ने ।
- संस्थागत वित्तीय सेवा :
  - ➢ संगठित संस्थाहरूको सार्वजनिक निष्काशनको व्यवस्था गर्ने ।
  - ➢ सार्वजनिक निष्काशनका लागि प्रस्ताव भएको शेयर बिक्री नभएमा बिक्री प्रत्याभूति (Underwriting) प्रदान गर्ने ।
  - ➢ सरकारी तथा संगठित संस्थाका सुरक्षण (Securities) हरुको स्टक डिलरको काम गर्ने ।
  - ➢ विभिन्न संगठित संस्थाहरुको पुँजीको स्वरूप (Capital Structure) सेक्यूरिटीजहरूको मूल्य, कम्पनीहरूको Merger, Acquisition, Privatization तथा अन्य सम्बन्धित क्षेत्रमा परामर्श सेवा प्रदान गर्ने ।


लाभांश र बोनश शेयर वितरण
लाभांश वितरण (नगद)
बोनश शेयर
रु.लाखमा
६०
५०
४०
३०
२०
१०
०
०६८/६९
०६९/७०
०७०/७१
०७१/७२
०७२/७३
०७३/७४
०७४/७५
आर्थिक वर्ष


कोष रकम परिचालन
आ.व. २०७४/०७५
कर्मचारी वचत वृद्धि अवकास कोष योजना
उपदानकोष योजना
लगानीकर्ता हिसाब योजना
नागरिक एकांक योजना
वीमा कोष योजना
३.७%
०.९८%
११.६३%
१५.२%
६८.४८%

# नागरिक लगानी कोष परिवार



# नागरिक लगानी कोष
# चौबीसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावहरु,**

यस कोषको मिति २०७६/०५/०४ मा बसेको संचालक समितिको ६०६औं बैठकको निर्णय अनुसार यस कोषको २४ औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न बिषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले नागरिक लगानी कोष ऐन २०४७ को दफा २१ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**<u>साधारण सभा बस्ने मिति, स्थान र समय</u>**

मिति : २०७६ साल भाद्र ३० गते सोमबार (तदनुसार १६ सेष्टेम्वर २०१९) ।

स्थान : कार्की व्यांकेट, बबरमहल, काठमाण्डौं ।

समय : बिहान ११:३० बजे ।

**<u>साधारण सभामा छलफल हुने विषयहरु:</u>**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने कोषको आ. व. २०७४।७५ को वार्षिक प्रतिवेदन पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ साल आषाढ मसान्तको वासलात, नाफा/नोक्सान हिसाब र नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।

(३) कोषको आ.व. २०७४/७५ को आम्दानी बांडफांड हिसाब विवरणमा छुट्याइएको प्रस्तावित २२ (बाईस) प्रतिशत बोनस शेयर र १.१६ प्रतिशत नगद लाभांश (कर प्रयोजनको लागि) स्वीकृत गर्ने ।

(४) साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्न शेयरधनीहरु तथा संचालकहरुको तर्फबाट एक/एक जना प्रतिनिधि नियुक्त गर्ने ।

(५) विविध ।

**<u>साधारण सभा सम्बन्धी जानकारी</u>**

१. शेयरधनीहरुले आफनो परिचय खुल्ने परिचयपत्र वा सरकारी कार्यालयबाट जारी भएको परिचयपत्र वा शेयर अभौतिकरण गरेको व्यक्तिको हकमा हितग्राही खाताको विवरण (Demat Account Statement) प्रस्तुत गरेपछि मात्र सभा स्थल भित्र प्रवेश पाइनेछ ।

२. शेयर प्रमाणपत्र प्राप्त गरी नसकेका वा शेयर अभौतिकरण गरी नसकेको शेयरधनीहरुको हकमा आफनो परिचय खुल्ने सरकारी कार्यालयबाट जारी गरेको परिचयपत्र वा नागरिकता वा शेयरको लागि दरखास्त दिदां प्राप्त गरेको अर्धकट्टी वा रकम फिर्ता गर्दा प्राप्त गरेको चेकको अर्धकट्टी प्रस्तुत गरे पछी मात्र सभास्थल भित्र प्रवेश गर्न पाइनेछ ।

३. बार्षिक साधारणसभा गर्ने प्रयोजनको लागि कोषको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिल खारेजको कार्य मिति २०७६ भाद्र १९ गते एक दिन बन्द रहनेछ । शेयरधनी पुस्तिका बन्द भएको अघिल्लो दिन अर्थात् २०७६ भाद्र १८ गतेसम्म नेपाल स्टक एक्स्चेन्ज लिमिटेडमा कारोबार भई नियमानुसार दाखिल खारेज भई कायम भएका शेयरधनीहरु मत्र वार्षिक साधारण सभामा भाग लिनका लागि योग्य हुनेछन ।

४. संगठीत संस्था शेयरधनी भएको हकमा संस्थाले प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको व्यक्ति अख्तियारी पत्र सहित उपस्थित हुनुपर्नेछ र प्राकृतिक व्यक्तिले नियुक्त गर्ने प्रतिनिधि (प्रोक्सी) कोषको शेयरधनी हुनुपर्नेछ ।

५. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने व्यक्तिगत शेयरधनीले कोषको अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी साधारण सभा हुनु भन्दा ९६ घण्टा अगावै उक्त प्रतिनिधिपत्र (प्रोक्सी) यस कोषको कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

६. प्रतिनिधि (प्रोक्सी) मुकरर गरी पठाउने शेयरधनी स्वयं साधारण सभामा उपस्थित भएमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

७. संयुक्त रुपमा शेयर खरीद गरेको अवस्थामा शेयरधनीहरुको दर्ता किताबमा साझेदारहरु मध्ये जसको नाम क्रमानुसार पहिलो नम्बरमा लेखिएको छ वा सो साझेदार वा साझेदारहरुको सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनेछ ।

८. विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीहरुले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको बिषय संचालक समितिको सचिव मार्फत संचालक समितिका अध्यक्षलाई कोषको केन्द्रीय कार्यालय, नयां बानेश्वर स्थित ब्लक डि भवनमा लिखित रुपमा प्रस्ताव पेश गर्नु पर्नेछ ।

९. सभामा भाग लिनु हुने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थलमा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान १०:३० बजेदेखि खुल्ला रहनेछ ।

१०. कोषको आर्थिक बर्ष २०७४/७५ को लेखापरीक्षण गरिएको संक्षिप्त वित्तीय अवस्थाको विवरण तथा आय विवरण संचालक समितिको प्रतिवेदन लगायतका कागजातहरु निरीक्षण गर्न वा प्रतिवेदन नै आवश्यक भएमा कार्यालय समय भित्र कोषको केन्द्रीय कार्यालय, नयां बानेश्वरमा सम्पर्क राख्न सकिनेछ । साथै, कोषको वेवसाईट www.nlk.org.np मा पनि हेर्न सक्नु हुनेछ ।

संचालक समितिको आज्ञाले,

नबराज खड्का

सचिव

अनुसूची १६
दफा ६(४) संग सम्वन्धित

**साधारणसभामा भाग लिन तथा मतदान गर्न आफनो प्रतिनिधि नियुक्त गर्ने निवेदनको ढाँचा**

**प्रोक्सी**

श्री नागरिक लगानी कोष,
केन्द्रिय कार्यालय, नयाँ वानेश्वर, काठमाण्डौं ।

विषयः प्रतिनिधि नियुक्त गरेको वारे ।

..................जिल्ला ................. पालिका वडा नं................बस्ने म/हामी........................ले त्यस कोषको शेयरधनीको हैसियतले संवत् २०......साल..............महिना......गतेका दिन हुने वार्षिक / विशेष साधारणसभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरा /हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि............. जिल्ला.................... पालिका वडा नं..........वस्ने श्री................................लाई मेरा /हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु / पठाएका छौं ।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको,-
हस्ताक्षरको नमुना :
शेयर संख्या :
शेयरधनी परिचय नं. :
DMAT BOID No : .................................
मिति :

निवेदक
दस्तखत :
नाम :
ठेगाना :
शेयरधनी परिचय नं. :
शेयर संख्या :
DMAT BOID No : .................................

**द्रष्टव्य :-**

१) यो प्रतिनिधि पत्र साधारण सभा हुन भन्दा ९६ घण्टा अगावै कार्यालय समयभित्र कोषको केन्द्रीय कार्यलय, नयाँ बानेश्वर, काठमाडौंको 'ब्लक B' भवनमा दर्ता गरिसक्नु पर्नेछ ।

२) समुह 'ख' अन्तरगतका शेयरधनी अन्य वित्तीय संस्थाहरुले संस्थाको तर्फवाट संचालकमा उम्मेदवारी दिने कार्य समेतका लागी प्रतिनिधि मुकरर गरि पठाउदा संस्थाको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि साथै राखी संस्थाको लेटर प्याडमा अधिकार प्राप्त व्यत्तिले दस्तखत गरी पत्र पठाउनू पर्ने छ ।

३) उमेदवार हुने वाहेक साधारण सभामा भाग लिन तथा मतदान गर्न कार्यका लागी संचालक समितिको निर्णयको प्रतिलीपि सम्लग्न गर्न अनिवार्य हुने छैन । संस्थाको पत्रमा विवरण खुलाई पठाएमा पर्याप्त मानिने छ ।

# विषय सूची


१. कोष सञ्चालक समितिका अध्यक्षको मन्तव्य ........ १
२. महालेखापरीक्षकको अन्तिम लेखापरीक्षण प्रतिवेदन ........ ११
३. केन्द्रीय हिसाब वासलात ........ १५
४. केन्द्रीय आय/व्यय हिसाब ........ १६
५. इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण ........ १७
६. आम्दानी बाँडफाँड हिसाब ........ १८
७. नगद प्रवाह विवरण ........ १९
८. अनुसूची १ शेयर पुँजी र अनुसूची २ जगेडा तथा मुनाफा ........ २०
९. अनुसूची ३ स्थिर सम्पत्ति तथा ह्रासकट्टी विवरण ........ २१
१०. अनुसूची ४.१ लगानीको विस्तृत विवरण ........ २२
११. अनुसूची ४ लगानी अनुसूची ५ जिन्सी मौज्दात ........ २४
१२. अनुसूची ६ नगद तथा बैंक मौज्दात ........ २५
१३. अनुसूची ७ पेश्की, सापटी, धरौटी र अग्रीम भुक्तानी अनुसूची ८ चालू दायित्व ........ २६
१४. अनुसूची ९ व्यवस्था तथा अन्य दायित्व ........ २७
१५. अनुसूची ११ ब्याज आम्दानी, अनुसूची १२ सेवा शुल्क तथा कमिशन आम्दानी ........ २८
१६. अनुसूची १३ व्यवस्थापन खर्च विवरण........ २९
१७. अनुसूची १० लेखा नीति तथा टिप्पणीहरू ........ ३०
१८. संयुक्त वासलात ........ ३९
१९. संयुक्त आय विवरण ........ ४०
२०. सारांश विवरण ........ ४१
२१. चार्टहरू ........ ४२

# नागरिक लगानी कोष

## २४ औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत आर्थिक वर्ष २०७४/७५ को प्रतिवेदन

**आदरणीय शेयरधनी तथा आमन्त्रित अतिथिज्यूहरू,**

नागरिक लगानी कोषको २४ औं वार्षिक साधारणसभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु, विभिन्न संस्थाका प्रतिनिधिज्यूहरु, आमन्त्रित अतिथिज्यूहरु, पत्रकार मित्रहरु, कोषका कर्मचारी साथीहरु एवम् उपस्थित सम्पूर्ण महानुभावहरुमा कोष संचालक समितिको तर्फबाट तथा मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा अभिवादन गर्दछु । आजको यस गरिमामय साधारण सभामा कोष संचालक समितिको तर्फबाट म यहाँहरु समक्ष कोषको आर्थिक वर्ष २०७४/७५ को वार्षिक प्रतिवेदन तथा हालसम्म कोषले सम्पादन गरेका प्रमुख कार्यहरुको समीक्षा एवम् भावी कार्यक्रमहरुको बारेमा जानकारी प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

नागरिक लगानी कोषले देशको राष्ट्रिय बचत परिचालन तथा पुँजीबजार विकासको लागि एक अग्रणी वित्तीय संस्थाको रुपमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । कोषको बचत परिचालन, लगानी व्यवस्थापन र पुँजीबजार सम्बन्धी गतिविधिले अर्थतन्त्रको कुन क्षेत्रमा कसरी र कति प्रभाव पारेको छ, त्यसको विश्लेषण प्रस्तुत गर्नु सान्दर्भिक हुने हुनाले कोषले अर्थतन्त्रको विकासमा पुऱ्याएको प्रत्यक्ष तथा अप्रत्यक्ष योगदान र यसको अन्तरसम्बन्ध सन्दर्भमा संक्षिप्त रुपमा प्रकाश पार्न चाहन्छु ।

### १. राष्ट्रिय अर्थतन्त्रको परिदृष्य तथा राष्ट्रिय अर्थतन्त्रमा कोषको भूमिका

आर्थिक वर्ष २०७४/७५ मा आर्थिक वृद्धिदर ५.९ प्रतिशत र मुद्रास्फितिदर ४.२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७५/७६ मा आर्थिक वृद्धिदर करिब ७.१ प्रतिशत रहने प्रारम्भिक अनुमान तथा मुद्रास्फितिदर ४.६ प्रतिशत रहेको नेपाल राष्ट्र बैंकको प्रतिवेदनमा उल्लेख भएबाट अर्थतन्त्र सही दिशामा रहेको देखिन्छ । चालु आर्थिक वर्षमा मुलुकका अधिकांश आर्थिक, सामाजिक तथा भौतिक पूर्वाधार विकासका परिसूचकहरु सन्तोषजनक रहेका छन् । राजनीतिक स्थायित्व कायम भएसँगै लगानीको वातावरणमा आएको सुधार, विद्युतको नियमित उपलब्धता तथा तीनै तहका सरकारहरुमा पनि विकासका गतिविधि बढेको कारण समेत अर्थतन्त्र उच्च आर्थिक वृद्धिको मार्गमा अघि बढेको छ ।

देशको आर्थिक क्रियाकलापमा भएको विस्तारका कारण प्रतिव्यक्ति आम्दानी आ.व. २०७५/७६ मा अमेरिकी डलर ९९८ बाट बढेर अमेरिकी डलर १०३४ पुग्ने अनुमान रहेको छ । कुल गार्हस्थ्य उत्पादनमा भएको वृद्धिसँगै बचत गर्ने क्षमता पनि बढेको छ । आम्दानीमा भएको वृद्धि र वास्तविक ब्याजदर सकरात्मक रहेको अवस्था तथा वित्तीय क्षेत्रको सन्तुलित एवम् समावेशी विकासको परिणाम स्वरुप कुल गार्हस्थ्य बचत बढ्दै गई २०.५ प्रतिशत पुगेको छ । कोषले सर्वसाधारणहरुलाई बचत गर्न प्रोत्साहित गर्ने, विभिन्न बचत कार्यक्रम मार्फत बचत संकलन गर्ने तथा संकलित रकमलाई उपयुक्त क्षेत्रमा प्रभावकारी ढंगले लगानी व्यवस्थापन गरी प्रत्यक्ष वा परोक्ष रुपमा अर्थतन्त्रमा सकारात्मक प्रभाव पारेको छ । कोषको लगानी राष्ट्रिय प्राथमिकताका आयोजनामा विस्तार हुनु, समय समयमा बैंक तथा वित्तीय संस्थामा देखिने तरलताको संकटलाई न्युन गर्न सहयोगीको भूमिका खेल्नु र शेयर निष्काशन तथा बिक्री प्रबन्धकको भूमिका निर्वाह गरी पुँजी निर्माण गर्ने कार्यमा योगदान पुऱ्याउनाले समग्रमा यसको प्रभाव मुलुकको अर्थतन्त्रको विकाससँग गाँसिएको छ । सामाजिक सुरक्षासँग सम्बन्धित कार्यक्रमको सञ्चालनबाट दीर्घकालिन प्रकृतिका पुँजी निर्माण हुनाले उक्त पुँजीलाई उत्पादनमुलक तथा भौतिक पुर्वाधार विकासको क्षेत्रमा लगानी गरी अर्थतन्त्रमा थप योगदान दिन सक्ने सम्भावना पनि कोषसँग रहेको छ ।

२. **मुद्रा तथा पुँजीबजारको अवस्था :**

आर्थिक वर्ष २०७३/७४ मा निक्षेप तथा कर्जाको औसत भारित व्याजदर क्रमशः ६.१५ र ११.३३ प्रतिशत रहेकोमा आर्थिक बर्ष २०७४/७५ मा यस्तो व्याजदर क्रमशः ६.४९ र १२.४७ प्रतिशत रहेको थियो । त्यसरी नै उक्त व्याजदर आर्थिक बर्ष २०७५/७६ मा क्रमशः ६.६४ र १२.२० प्रतिशत कायम रहेको देखिन्छ । पुँजी बजार तर्फ नेप्से परिसूचक आर्थिक वर्ष २०७३/७४ को अन्त्यमा १५८२.६७ विन्दुमा रहेकोमा आर्थिक बर्ष २०७४/७५ मा २३.४ प्रतिशतले घटेर वर्षान्तमा १२१२.३६ विन्दुमा झरेको थियो भने आर्थिक बर्ष २०७५/७६ मा उक्त सूचकांक ३.८५ प्रतिशतले वृद्धि भई १२५९.०२ विन्दुमा पुगेको देखिन्छ ।

**तालिका नं १: मुद्रा तथा पुँजीबजारको स्थिति**

| क्र.स. | विवरण | आर्थिक वर्ष २०७३/७४ | आर्थिक वर्ष २०७४/७५ | आर्थिक वर्ष २०७५/७६ |
|---|---|---|---|---|
| १. | भारित औसत व्याज दर (निक्षेप) | ६.१५ | ६.४९ | ६.६४ |
| २. | भारित औसत व्याज दर (कर्जा) | ११.३३ | १२.४७ | १२.२० |
| ३. | बजार पुंजीकरण *(रकम रु. अर्बमा)* | १८५६.८३ | १४३५.१४ | १५६७.५० |
| ४. | नेप्से परिसुचक (NEPSE Index) | १५८२.६७ | १२१२.३६ | १२५९.०२ |
| ५. | बजार पुंजीकरण मूल्यमा कारोबारको प्रतिशत | ११.०४ | ८.५ | ०.६८ |
| ६. | कुल गार्हस्थ्य उत्पादनमा बजार पुंजीकरणको प्रतिशत | ७०.३ | ४७.७ | ४५.२४ |

***स्रोतः नेपाल राष्ट्र बैंक तथा नेपाल धितोपत्र बोर्ड***

आर्थिक वर्ष २०७३/७४ को अन्त्यसम्ममा बजार पुँजीकरण रु. १८ खर्ब ५६ अर्ब ८३ करोड बराबरको रहेकोमा आर्थिक वर्ष २०७४/७५ मा रु. १४ खर्ब ३५ अर्ब १४ करोडमा झरेको देखिन्छ । त्यसैगरी आर्थिक वर्ष २०७५/७६ मा रु. १५ खर्ब ६७ अर्ब ५० करोड पुगेको देखिन्छ । यसप्रकार विगत तीन आर्थिक बर्षहरुमा निक्षेपको व्याजदर क्रमशः बृद्धि हुँदै आएको देखिन्छ भने पुँजी बजारमा नेप्से परिसूचक तथा बजार पुँजीकरण घटबढ भइरहेको देखिन्छ ।

**अब म यहाँहरु समक्ष कोषको आर्थिक वर्ष २०७४/७५ सम्मको कारोबारको तुलनात्मक विवरण, यसले हासिल गरेको प्रगति तथा सञ्चालनमा ल्याएका कार्यक्रमहरुको संक्षिप्त जानकारी प्रस्तुत गर्दछु ।**

३. **कोषका गतिविधि एवं क्रियाकलापहरुको संक्षिप्त स्थिति :**

**आदरणीय शेयरधनी महानुभावहरु,**

कोषका गतिविधि तथा क्रियाकलापहरु यसको ५ वर्षे दीर्घकालीन रणनीतिक योजना (२०७२/७३ देखि २०७६/७७ सम्म)ले निर्दिष्ट गरेका लक्ष्य तथा उद्देश्यअनुसार तीन खम्बे व्यवसायिक क्षेत्र (3 Pillars Business Plan) मा आधारित रहेको व्यहोरा यहाँहरुलाई अवगत नै छ । सोही अन्तर्गत सञ्चालन तथा व्यवस्थापन भएका कार्यक्रमहरुबाट समीक्षा अवधिमा कोषले हासिल गरेको प्रगति विवरणलाई संक्षिप्त रुपमा यहाँ प्रस्तुत गर्दछु ।

**३.१. कोष परिचालनको स्थिति :**

कोषबाट सञ्चालित विभिन्न बचत कार्यक्रमहरुबाट २०७४ असार मसान्तको तुलनामा २०७५ असार मसान्त सम्ममा १४.९२ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ११ अर्ब ७३ करोड ५१ लाख खुद कोष रकम संकलन भएको छ । यस्ता कार्यक्रमका सहभागीहरुलाई कार्यक्रमको प्रकृति अनुसार ६ देखि ८ प्रतिशतसम्म प्रतिफल प्रदान गरिएको छ ।

**तालिका नं २: आर्थिक वर्ष २०७४/७५ को कोष संकलनको तुलनात्मक स्थिति**

*( रकम रु. करोडमा)*

| क्र.सं. | विवरण | आर्थिक वर्ष २०७३/७४ | आर्थिक वर्ष २०७४/७५ | बृद्धि प्रतिशत | आर्थिक वर्ष* २०७५/७६ |
|---|---|---|---|---|---|
| १. | कर्मचारी बचत वृद्धि स्वीकृत अवकाश कोष | ६४८५.१७ | ७६५१.८६ | १७.९९ | ८८२७.५० |
| २. | नागरिक एकांक योजना | १५१.२० | १०९.८९ | (२७.३२) | ९४.८२ |
| ३. | पेन्सन/उपदान कोष योजना | १६०९.८४ | १६९८.२० | ५.४९ | १९५५.४२ |
| ४. | लगानीकर्ता हिसाब योजना | ३४३.०८ | ४१३.६६ | २०.५७ | ४७२.३० |
| ५. | **वीमा कोष आयोजना** | | | | |
| ५.१ | निजामती वीमा कोष | ४४८.१२ | ४८५.९६ | ८.४४ | ४००.५५ |
| ५.२ | शिक्षक वीमा कोष | ३७५.५० | ४,१०.९० | ९.४३ | ३४१.५७ |
| ५.३ | सैनिक वीमा कोष | २०६.०६ | २४९.१२ | २०.९० | १५६.७८ |
| ५.४ | नार्क वीमा कोष | ५.६२ | ६.३३ | १२.६३ | ७.१८ |
| ५.५ | नेपाल प्रहरी वीमा कोष | ६४.५० | ९६.६३ | ४९.८१ | ३९.६० |
| ५.६ | सशस्त्र प्रहरी वीमा कोष | ३३.४४ | ४९.६४ | ४८.४४ | १७.६४ |
| ५.७ | अनुसन्धान वीमा कोष | ०.४४ | १.३२ | २०० | २.७३ |
| **खुद कोष** | | **९७२२.९७** | **१११७३.५१** | **१४.९२** | **१२३१६.०९** |

*अपरिस्कृत वित्तीय विवरण अनुसार

कोषद्वारा सञ्चालित त्यस्ता कार्यक्रमहरु मार्फत कोषको दायरा विस्तार गरी राष्ट्रिय बचतमा अभिवृद्धि गराउन तथा सार्वजनिक तथा निजी संस्थाले बहन गर्नुपर्ने कर्मचारीहरुसँग सम्बन्धित दीर्घकालीन दायित्व व्यवस्थापन गर्न कोषले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ ।

### ३.२ लगानी व्यवस्थापनको अवस्था :

कोषको लगानीलाई विविधीकरण गर्दै लैजाने सन्दर्भमा लगानी नीति, २०७५ अन्तर्गत मुद्दती निक्षेप, सरकारी ऋणपत्र, बैंक तथा वित्तीय संस्थाहरुको डिवेन्चर तथा वण्ड, संगठीत संस्थाको धितोपत्र, समयकालीन कर्जा र सहभागी सापटी तथा आवास कर्जामा समेत लगानी गर्ने व्यवस्था रहेको छ । कोषको शेयर पुँजी, जगेडा रकम तथा विभिन्न कार्यक्रमहरुबाट संकलित रकम आर्थिक वर्ष २०७३/७४ मा रु.९१ अर्ब ६७ करोड ३६ लाख लगानी भएकोमा आर्थिक वर्ष २०७४/७५ मा कुल लगानी १६.६९ प्रतिशतले वृद्धि भई रु.१ खर्ब ६ अर्ब ९७ करोड ६२ लाख पुगेको छ ।

**तालिका नं ३ : आर्थिक वर्ष २०७४/७५ को लगानीको तुलनात्मक स्थिति**

*( रकम रु. करोडमा)*

| क्र.सं. | लगानी संरचना | आर्थिक वर्ष २०७३/७४ | आर्थिक वर्ष २०७४/७५ | वृद्धि प्रतिशत | आर्थिक वर्ष* २०७५/७६ |
|---|---|---|---|---|---|
| १. | नेपाल सरकारको ऋणपत्र | १८०.९३ | १८०.९३ | - | ६०.०० |
| २. | बैंक तथा वित्तीय संस्थामा रहेका निक्षेप | ६२७२.०० | ७३१७.०० | १६.६७ | ७६६९.७८ |
| ३. | समयकालीन कर्जा | ६६७.०० | ७९७.५५ | १९.५७ | १६६३.४२ |
| ४. | संगठित संस्थाको शेयर/धितोपत्र | ४०३.५४ | ३०९.०६ | (२३.४१) | ६९३.१८ |
| ५. | सहभागी सापटी/आवास कर्जा | १६४३.८९ | २०९३.०८ | २७.३२ | २४०१.६१ |
| **कूल लगानी** | | **९१६७.३६** | **१०६९७.६२** | **१६.६९** | **१२४८७.९९** |

*अपरिस्कृत वित्तीय विवरण अनुसार ।

कोषले लगानी गर्दा लगानी नीति, २०७५ को परिधिभित्र रही लगानीका क्षेत्र र अवसरहरुको पहिचान तथा जोखिम विश्लेषण गरी लगानी गर्ने गरेको छ । लगानीका क्षेत्रहरु मध्ये न्यासधारी कोषहरुको रकम कम जोखिमयुक्त क्षेत्रको पहिचान गरी लगानी गर्नु पर्ने भएकोले यसको हिस्सा अझै पनि बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेपमा केन्द्रित रहेको छ । लगानीको वातावरण सुधार हुदै आएकोले आगामी दिनमा लगानीलाई विविधीकरण गरी उत्पादनशील तथा पूर्वाधार विकासको क्षेत्रमा विस्तार गर्ने तर्फ पहल गरिने जानकारी गराउन चाहन्छु ।

**३.३ पुँजीबजार सेवाको स्थिति :**

मर्चेन्ट बैंकिङ्ग सम्बन्धी सेवामा आर्थिक वर्ष २०७४/७५ मा कोषको सार्वजनिक शेयर निष्काशन तथा बिक्री प्रबन्धक लगायत प्रत्याभूति प्रबन्ध तथा शेयर रजिष्ट्रार सेवाको कुल कारोबार रु.६ अर्ब ३४ करोड रहेको छ । उक्त बर्ष मर्चेण्ट बैंकिङ्ग सम्बन्धी कारोबारमा लक्ष्य अनुरुप नै प्रगति हासिल भएको देखिन्छ । यस्ता सेवाहरु प्रदान गरी आर्थिक वर्ष २०७४/७५ मा रु.६३ लाख ६५ हजार आम्दानी गरिएको छ ।

**तालिका नं ४ : पुँजीबजार सेवाको कारोबार विवरण**

*( रकम रु. करोडमा)*

| क्र.सं. | विवरण | आर्थिक वर्ष २०७३/७४ | आर्थिक वर्ष २०७४/७५ | आर्थिक वर्ष* २०७५/७६ |
|---|---|---|---|---|
| १. | निष्काशन तथा बिक्री प्रबन्धक सेवा | - | ५४४ | ३१९.५० |
| २. | रजिष्ट्रार सेवा | ३७४ | ९० | ११०.२३ |
| **जम्मा** | | **३७४** | **६३४** | **४२९.७३** |

*अपरिस्कृत वित्तीय प्रतिवेदन अनुसार ।

**४. आर्थिक बर्ष २०७४/७५ मा कोषले आर्जन गरेको मुनाफा तथा उक्त मुनाफाको बाँडफाँड स्थिति देहाय बमोजिम रहेको छ ।**

**४.१. सञ्चालन तथा मुनाफाको स्थिति :**

आर्थिक वर्ष २०७३/७४ मा रु.५९ करोड ५१ लाख कूल आम्दानी भएकोमा रु. १९ करोड ५८ लाख सञ्चालन तथा अन्य खर्च भई कर पछिको खुद मुनाफा रु.२९ करोड २४ लाख रहेको थियो भने आर्थिक वर्ष २०७४/७५ मा कोषले रु.७० करोड २८ लाख कुल आम्दानी गरेकोमा रु.२० करोड ५२ लाख सञ्चालन तथा अन्य खर्च भई कर पछिको खुद मुनाफा रु.३५ करोड ९२ लाख रहेको छ ।

**तालिका नं ५ :सञ्चालन तथा मुनाफाको स्थिति:**

*(रकम रु. लाखमा)*

| क्र.सं. | विवरण | आर्थिक वर्ष २०७३/७४ | आर्थिक वर्ष २०७४/७५ | बृद्धि/न्यून प्रतिशत | आर्थिक वर्ष* २०७५/७६ |
|---|---|---|---|---|---|
| १. | कूल आय | ५९५१ | ७०२८ | १८.१० | ७९८३ |
| २. | कूल खर्च | १९५८ | २०५२ | ४.८० | २०५० |
| ३. | खुद नाफा (करअघि) | ३९९३ | ४९७६ | २४.६२ | ५९३३ |
| ४. | आयकर | १०६९ | १३८३ | २९.३७ | १५९४ |
| ५. | करपछिको नाफा | २९२४ | ३५९३ | २२.८५ | ४३३९ |

*अपरिस्कृत वित्तीय विवरण अनुसार ।

**४.२. नाफा-नोक्सान बाँडफाँडको स्थिति :**

कोषको आर्थिक वर्ष २०७४/७५ को करपछिको खुद नाफा रु.३५ करोड ९२ लाख र आर्थिक वर्ष २०७३/७४ को बाँडफाँड गर्न बाँकी मुनाफा रु.१ करोड ८० लाख ८९ हजार समेत गरी बाँडफाँडयोग्य रकम रु. ३७ करोड ७३ लाख २१ हजार रहेको छ । उक्त रकमबाट नागरिक लगानी कोष ऐन, २०४७ को दफा ४० र ४१ मा भएको व्यवस्था अनुसार रु.७ करोड १८ लाख ४६ हजार साधारण जगेडामा राखी बाँकी रकम मध्येबाट आ.व.

२०७४/७५ मा २२ प्रतिशत बोनस शेयर र १.१६ प्रतिशत नगद लाभांश (बोनस शेयरमा लाग्ने कर प्रयोजनको लागि छुट्टयाइएको) वितरणको लागि शेयरधनी समक्ष प्रस्ताव गरिएको व्यहोरा अनुरोध गर्दछु ।

**५. आर्थिक वर्ष २०७५/७६ मा कोषमा भएका गतिविधि तथा क्रियाकलापहरुः**

**आदरणीय शेयरधनी महानुभावहरु,**

आर्थिक वर्ष २०७५/७६ मा कोषमा बचत वृद्धि स्वीकृत अवकाश कोष कार्यक्रम, पेन्सन/उपदान कोष योजना, लगानीकर्ता हिसाब योजना, नागरिक एकांक योजना, बीमा कोष योजना तथा पुँजी बजार सम्बन्धी सेवालाई निरन्तर रुपमा सञ्चालन गरिएको छ । कोषबाट संचालित कार्यक्रमहरुमा करीब ४,८०० भन्दा बढी संघ संस्थाका ६,५०,००० सहभागीहरुले सुविधा लिइरहेको छन् ।

नेपाल सरकारको निर्णय बमोजिम विगत लामो समयदेखि कोषले संचालन गर्दै आइरहेको सावधिक जीवन बीमा सम्बन्धी कार्यक्रम राष्ट्रिय बीमा संस्थानलाई हस्तान्तरण गर्ने कार्य भएको छ भने बीमा कोष संकलनका काम यथावत रुपमा कोषले नै गरिदिने सम्झौता भएको छ । यसबाट नागरिक लगानी कोषको बीमा कोषको वृद्धिदरमा ह्रास आएता पनि बीमा शुल्क संकलनको कार्य यथावत रहेकोले मुनाफा स्थितिमा कुनै प्रकारको असर नपरेको जानकारी गराउँदछु ।

**५.१ बचत परिचालन :**

२०७६ असार मसान्तसम्ममा कोषको बचत परिचालन उच्चदरमा वृद्धि भएको छ । २०७५ असार मसान्तसम्ममा रु.१ खर्ब ११ अर्ब ७३ करोड रहेको कोष संकलन २०७६ असार मसान्तसम्ममा १०.२३ प्रतिशतले वृद्धि भई रु.१ खर्ब २३ अर्ब १६ करोड (अपरिस्कृत वित्तीय विवरण अनुसार) पुगेको छ ।

**५.२ लगानी व्यवस्थापन :**

२०७५ असार मसान्तसम्ममा कोषले विभिन्न क्षेत्रमा गरी रु.१ खर्ब ६ अर्ब ९७ करोड ६२ लाख लगानी गरेको थियो भने २०७६ असार मसान्तसम्ममा यस्तो लगानी अघिल्लो वर्षको तुलनामा १६.७४ प्रतिशतले वृद्धि भई रु.१ खर्ब २४ अर्ब ८७ करोड ९९ लाख पुगेको छ ।

यसै गरी नागरिक लगानी कोष ऐन, २०४७ को मर्म एवं भावना अनुरुप लगानी विविधीकरण गरी पूँजीबजारको विकास र स्थायित्वलाई मध्यनजर गरी कोषले आ.व. २०७५/७६ देखि दोस्रो बजारबाट शेयर खरिद बिक्रीको कार्य शुरु गरेको छ । आ.व. २०७५/७६ को पछिल्लो त्रैमासमा करीब रु. १५ करोड बराबरको शेयरमा लगानी गरी रु.१ करोड ५७ लाख मुनाफा गर्न कोष सफल भएको छ ।

**५.३ पुँजीबजार सेवा :**

आर्थिक वर्ष २०७५/७६ मा कोषले स्थानीयवासी र सर्वसाधारणहरुको लागि अपर तामाकोशी जलविद्युत कम्पनी लि.को रु.२ अर्व ६४ करोड ७५ लाख तथा सान्जेन जलविद्युत परियोजनाको रु.५४ करोड ७५ लाख बराबरको IPO निष्काशन सम्पन्न गरेकोछ । साथै, कोषले पुँजी बजारको दीगो विकास तथा विस्तारको लागि स्टक डिलरको कार्य गर्नका लागि स्टक डिलर सम्बन्धी कार्य अगाडि बढाउन आवश्यक प्रकृया शुरु गरिएको छ ।

**५.४ संकटग्रस्त बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप असुली :**

कोषको बैंक वित्तीय संस्थामा रहेको मुद्दती निक्षेप मध्ये संकटग्रस्त भएका बैंक वित्तीय संस्थामा रहेका कोषले उठाउन बाँकी रु.७५ करोड ६५ लाख रकम रहेकोमा आ.व. २०७५/७६ मा त्यस मध्ये रु.८ करोड ३४ लाख उठाउन सफल भएको छ भने बाँकी रकम असुल उपर गर्न निरन्तर प्रयत्न भईरहेको छ ।

**५.५ लगानी नीति, २०७५ :**

कोषको संचालक समितिले लगानी नीति, २०७५ बनाई लागू गरेको र सो नीतिलाई समयानुकुल परिमार्जन गरी थप पारदर्शी तथा यथार्थपरक बनाइएको छ । उक्त लगानी नीतिले कोषबाट हुने सम्पूर्ण लगानीलाई

सुरक्षित, प्रतिफलमूखी तथा जोखिम रहित बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ । साथै लगानी विविधीकरण गर्न तथा लगानीको दायरा फराकिलो बनाउन समेत यसले मद्दत पुग्ने आशा गरिएको छ ।

### ५.६ बैंक रिकन्सिलेसन सम्बन्धमा :

कोषको अन्तर कार्यक्रम हिसाब, बैंक रिकन्सिलेसन जस्ता पुराना हिसाब मिलान गर्ने कार्य तदारुकताका साथ भइरहेको छ । २०७६ असार मसान्त सम्म केन्द्र तथा ११ वटा कार्यक्रम मध्ये ९ कार्यक्रमको अन्तर कार्यक्रम हिसाब मिलान सम्पन्न भइसकेको छ भने आ.व. २०७५/७६ को बैंक रिकन्सिलेसन अन्तिम चरणमा पुगेको छ । साथै, नयाँ सफ्टवेयर कार्यन्वयनमा ल्याई सम्पूर्ण हिसाव मिलान गरी Data Migration गरिने छ ।

### ५.७ सेवा विस्तार सम्बन्धमा :

कोषले केन्द्रीय कार्यालयबाट मात्र सहभागीहरुलाई प्रदान गर्दै आइरहेको आवाश कर्जा र सरल कर्जा हाल कोषका पोखरा र विराटनगरका शाखा कार्यालयहरुबाट पनि प्रवाह गर्न शुरु गरिसकेको छ भने कोषको फिर्ता भुक्तानी पनि शाखा कार्यालयबाट प्राप्त गर्न सकिने व्यवस्था मिलाईएको छ ।

### ५.८ सुचना प्रविधि :

कोषको NLK Web Based Software Design को कार्य सम्पन्न भई दुई वटा कार्यक्रमहरुको लागि तयार पारिएको Software को Demo presentation भइसकेको छ भने आगामी असोज महिनामा data migration गरी परीक्षण गर्ने कार्यक्रम रहेको छ । साथै, कोषका सेवाग्राहीहरुको सुविधाको लागि Connect IPS मार्फत कोषको विशेष सापटी भुक्तानी गर्न सकिने व्यवस्था मिलाइएको छ ।

### ५.९ भवन निर्माण सम्वन्धमा :

कोषले नयाँ बानेश्वर स्थित आफ्नो स्वामित्वको जग्गामा कोषको कार्यालय भवन रु.७८,०५,२८,८३९।२३ मा निर्माण गर्न नेपाल सरकार, शहरी विकास तथा भवन निर्माण विभागसँग सम्झौता गरी तदारुकताका साथ निर्माण कार्य भइरहेको छ भने सोको लागि आ.व. २०७६।७७ को बार्षिक बजेटमा रु. ५० करोड रकम विनियोजन गरिएको छ ।

### ५.१० कर्मचारी सेवा शर्त नियमावली परिमार्जन :

कोषको कर्मचारी सेवा शर्त नियमावलीलाई समयानुकुल परिमार्जन तथा सुधार गरी लागू गरिएको छ ।

### ५.११ लेखापरीक्षण कार्य :

विगत वर्षहरुमा लेखापरीक्षण कार्यमा ढिलाई भइरहेकोमा यस आ.व. देखि महालेखा परीक्षकको कार्यालयले निर्धारण गरेको समयमा नै सम्पन्न भएको छ । त्यसैगरी आर्थिक वर्ष २०७५/७६ को कोषको लेखापरीक्षण सम्बन्धी कार्य तदारुकताका साथ अगाडि बढेको छ । आगामी वार्षिक साधारण सभा नागरिक लगानी कोष ऐन, २०४७ को प्रावधान अनुरुप नै नियमित रुपमा गर्न कोष प्रयत्नरत छ ।

### ५.१२ कर्मचारी आचार संहिता निर्देशिका, २०७६ :

कोषको संस्थागत सुशासनका लागि कर्मचारी आचार संहिता निर्देशिका, २०७६ लागू गरिएको छ । कर्मचारी आचारसंहिता लागू भए पश्चात कर्मचारीहरुमा आफ्नो उत्तरदायित्व र जिम्मेवारी बहन गर्ने सम्बन्धमा मार्ग निर्देशन गरेको छ भने संस्थागत सुशासन र स्वःनियमनमा रहन महत्वपूर्ण योगदान पुऱ्याएको छ ।

### ५.१३ मितव्ययीता सम्बन्धमा :

कोषले मितव्ययीताको नीति अंगिकार गर्दै कोषका विभिन्न उपसमितिहरुको खारेजी, पून: प्रयोगमा आउन सक्ने फर्निचर तथा उपकरणको मर्मत सम्भार, अनावश्यक विज्ञापन तथा चन्दाहरुको निरुत्साहन जस्ता कार्यको माध्यमबाट प्रशासनिक खर्चमा कटौति गरेको छ । साथै, विगत लामो समयदेखि करार सेवामा कार्यरत केही कर्मचारीहरु कटौती गरी प्रशासनिक खर्च समेत घटाइएको छ ।

### ५.१४ लिलामी सम्बन्धमा :

कोषले आफ्ना पुराना तथा पुन: प्रयोगमा आउन नसक्ने सवारी साधनहरु एवं स्थापना कालदेखि खरीद भएका पुँजीगत सामानहरु प्रयोजन विहिन अवस्थामा रहिरहेकोमा सोको लिलाम बिक्री गरी भौतिक परीक्षण नियमित गरिएको छ ।

### ५.१५ सामाजिक उत्तरदायित्व सम्बन्धमा :

कोषले आफ्नो २९औं वार्षिक उत्सवको अवसरमा सामाजिक उत्तरदायित्व अन्तर्गत काठमाडौंको नैकाप स्थित सिर्जनशील अपाङ्ग पुनर्स्थापना तथा विशेष शिक्षा विद्यालयलाई आवश्यक फर्निचरका सामान तथा अन्य सिकाई सामग्रीहरु उपलब्ध गराई आर्थिक सहयोग प्रदान गरेको छ । यसै गरी कोषले काठमाडौंको सुविधानगर स्थित मदन भण्डारी स्मृति बाटिका संरक्षण समितिलाई उक्त बाटिका संरक्षण गर्ने प्रयोजनका लागि रु.२ लाख आर्थिक सहयोग प्रदान गरेको छ ।

### ५.१६ नेपाल सरकारको राजश्वमा योगदान :

आर्थिक वर्ष २०७४/७५ को नियमानुसार कायम हुन आएको आर्जित मुनाफामा कोषले नेपाल सरकारलाई संस्थागत आयकर र स्रोतमा कर कट्टी गरी जम्मा रु. १२ करोड १६ लाख २१ हजार ४ सय ४६ योगदान गरेको छ ।

## ६. भावी योजना तथा कार्यक्रम :

नागरिक लगानी कोष ऐनले निर्दिष्ट गरेका काम, कारवाही र अधिकारको उचित प्रयोगबाट संस्थालाई प्रभावकारी ढंगबाट अगाडि बढाउँदै सहभागी तथा शेयरधनीहरुलाई अधिकतम प्रतिफल तथा गुणस्तरीय सेवा उपलब्ध गराउन निम्नानुसारको भावी योजना तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

### ६.१ बचत संकलनको क्षेत्र विस्तार :

कोषको सहभागीहरु अवकाश भएको अवस्थामा सहभागीहरुलाई Annuity Pension को रुपमा निश्चित रकम नियमित रुपमा प्रदान गर्ने हेतुले Annuity Provider को कार्य गर्ने कोषको योजना रहेको छ । सामाजिक सुरक्षणका कार्यक्रमको दायरालाई थप फराकिलो बनाउनका लागि कोषले स्वरोजगारमा रहेका पेशा व्यवसायी तथा कृषकहरुलाई अवकाश कोषमा सहभागी गराउन पहल गरिने छ ।

कोषले विदेशमा कार्य गर्न गएका नेपालीहरुको विप्रेषणलाई एकांक योजना मार्फत रकम संकलन गर्ने कार्यलाई विस्तार गरिने छ । यस कार्यमा स्वदेशी तथा विदेशी संघ संस्था, बैंक तथा वित्तीय संस्थासँग सहकार्य गर्ने व्यवस्था मिलाइने छ ।

### ६.२ लगानीको क्षेत्र तथा दायरा विस्तार :

कोषको लगानीको दायरा विस्तार गर्न तथा लगानीलाई विविधीकरण गरी लगानीको पोर्टफोलियो व्यवस्थापन गर्नका लागि कोषले विभिन्न संस्थाहरुसँग सहकार्य गरी निजी सार्वजनिक साझेदारी (PPP) मोडेलका परियोजनाहरु पहिचान गरी लगानी गरिने छ । भौतिक पूर्वाधार विकासको लागि नेपाल सरकारसँग सहकार्य गरी कोषको संकलित रकमलाई परिचालित गर्ने, संस्थागत लगानीकर्ताको रुपमा विभिन्न आयोजनाहरुको शेयर, डिवेन्चर र बण्डमा लगानी गर्ने जस्ता कार्यक्रमहरु कोषले राखेको छ ।

### ६.३ पुँजी बजार सेवा विस्तार :

कोषले नेपाल स्टक एक्सचेन्ज र नेपाल धितोपत्र बोर्डको स्वीकृति पश्चात स्टक डिलरको कार्य गर्ने गरी प्रारम्भिक कार्यहरु शुरु गरिसकेको छ । यसका लागि कोषले आवश्यक नीतिगत तथा भौतिक संरचना तयार गरिरहेको छ । यसका अतिरिक्त अन्य संस्थाहरुसँग सहकार्य गरी मध्यम र दीर्घकालिन स्वरुपका शेयर, बण्ड, डिबेन्चरको निष्काशन प्रबन्धकको कार्य गरिनेछ ।

### ६.४ मानव संसाधन विकास :

कोषको कार्य प्रकृतिको आधारमा सक्षम कर्मचारी व्यवस्थापन गर्न दीर्घकालिन लक्ष्य राखी जनशक्ति योजना तयार गरिने छ । कोषका कर्मचारीहरुलाई कोषले गर्ने कार्यहरुमा सक्षमता तथा प्रभावकारिता अभिबृद्धि गर्न आवश्यकता अनुसार स्वदेश तथा विदेशमा तालिम दिने व्यवस्था मिलाइने छ ।

### ६.५ सूचना प्रविधिको विकास :

कोषको ई–सर्भिस सेवालाई समयानुकुल सुधार गर्दै लगिने छ । NLK Web Based Integrated Software लाई यस आर्थिक वर्ष भित्र परीक्षणको रुपमा प्रयोगमा ल्याई चालु आर्थिक वर्षको मंसिर मसान्तभित्र पूर्णरुपमा प्रयोगमा ल्याइने छ । साथै, देशभित्रका दुई स्थानमा Disaster Recovery को लागि कोषको Data Back Up राखिने छ ।

### ६.६ शाखा कार्यालयहरुको सुदृढीकरण एवं सेवा विस्तार :

हाल पोखरा र विराटनगरमा संचालनमा रहेका दुई प्रदेशका शाखा कार्यालयहरु बाहेक प्रदेश ५ र ७ मा शाखा कार्यालय विस्तार गर्ने तथा अन्य प्रदेशमा शाखा खोल्नका लागि सम्भाव्यता अध्ययन गरिने छ ।

### ६.७ भवन निर्माण :

कोषले आगामी दुई वर्ष भित्रमा कोषको निर्माणाधिन नयाँ भवनको निर्माण कार्य सम्पन्न गरी उक्त भवनमा कार्यालय स्थानान्तरण गरिने छ । साथै, सोही अवधिमा हाल कार्यालय रहेको कोषको जग्गामा व्यावसायिक भवन निर्माण गर्ने प्रक्रिया पनि अगाडि बढाइनेछ ।

### ६.८ सामाजिक उत्तरदायित्व:

कोषले सामाजिक उत्तरदायित्व प्रतिको सिद्धान्तलाई अनुसरण गर्दै विगतदेखि विभिन्न क्षेत्रमा कार्यक्रमहरु संचालन गर्दै आएकोमा आगामी दिनमा पनि नयाँ क्षेत्र पहिचान गरी सामाजिक उत्तरदायित्वका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

## ७. गत वर्षको साधारण सभामा शेयरधनीले उठाएका विषयहरुः

गत साधारणसभामा शेयरधनी महानुभावहरुले उठान गर्नुभएका महत्वपूर्ण विषय, दृष्टिकोण र सुझावहरुको कार्यान्वयनको अवस्था तथा तत्सम्वन्धमा भइरहेको प्रगतिहरु निम्न अनुसार रहेको जानकारी गराउन चाहन्छु ।

कोषले नयाँ बचत कार्यक्रमहरु संचालनका लागि पहल गर्न दिनुभएको यहाँहरुको सुझावलाई मध्यनजर गर्दै कोषले आगामी दिनमा सामाजिक सुरक्षणका कार्यक्रमको दायरालाई थप फराकिलो बनाउनका लागि स्वरोजगारमा रहेका पेशा व्यवसायीहरु तथा कृषकहरुलाई अवकाश कोषमा सहभागी गराउने तथा स्थानीय र प्रदेश सरकारका पदाधिकारी तथा कर्मचारीहरुको सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न कोषले पहल गरिरहेको छ । साथै, नागरिक एकांक योजनालाई दक्षिण कोरिया बाहेक अन्य मुलुकमा पनि विस्तार गर्नका लागि पहल भइरहेको छ । कोषको रिकन्सिलेसन तथा हिसाबहरु अद्यावधिक गर्ने सम्बन्धमा कोषले २०७६ असार मसान्त सम्ममा केन्द्र तथा ११ वटा कार्यक्रम मध्ये ९ कार्यक्रमको अन्तर हिसाब मिलान गरिसकेको छ भने आ.व. २०७५/७६ को बैंक रिकन्सिलेसन अन्तिम चरणमा पुगेको छ ।

कोषको लगानीलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्नुपर्ने यहाँहरुको सुझाव अनुसार कोषले विभिन्न परियोजनाहरुमाथि अध्ययन तथा छलफल गरिरहेको छ । सबै प्रदेशमा कोषको प्रादेशिक शाखा कार्यालय खोल्नुपर्ने यहाँहरुको सुझावलाई मध्यनजर गर्दै कोषले यस चालु आर्थिक वर्षमा दुई प्रदेशमा शाखा कार्यालय खोल्नका लागि अध्ययन गरिरहेको जानकारी दिन चाहन्छु ।

कोषले संस्थागत लगानीकर्ता/स्टक डिलरको कार्य गर्नुपर्ने यहाँहरुको सुझाव अनुसार उक्त कार्य गर्न प्रचलित कानुन बमोजिम प्रक्रिया अगाडि बढाइएको छ । कोषको ग्राहकमैत्री व्यवसायिक भवन यथाशिघ्र निर्माण गर्नुपर्ने यहाँहरुको सुझावलाई मध्यनजर राख्दै कोषको नयाँ बानेश्वर स्थित आफ्नो स्वामित्वको जमिनमा कोषको प्रस्तावित भवन नेपाल सरकार, शहरी विकास तथा भवन निर्माण विभागमार्फत तदारुकताका साथ निर्माण भइरहेको जानकारी दिन चाहन्छु ।

कोषको पुँजी वृद्धि गर्नु अत्यावश्यक भएको औंल्याउदै यहाँहरुले उठाउनु भएको यस विषयमा कोषले सम्वन्धित निकायबाट अधिकृत पुँजी रु.८ अर्ब र जारी पुँजी रु.८ अर्ब र चुक्ता पुँजी रु.३ अर्ब पुऱ्याउनका लागि स्वीकृति पाएको छ । हाल कोषको चुक्ता पुँजी रु.१ अर्ब १० करोड २३ लाख रहेको छ ।

## ८. सम्भावना र चुनौतीहरु :

कोषको सम्भावना र अवसरहरु तथा समस्या र चुनौतीहरु निम्न अनुसार रहेको व्यहोरा प्रस्तुत गर्न चाहन्छु ।

### ८.१. सम्भावना एवं अवसर :

कोषले संचालन गरिरहेका अवकाश कोष कार्यक्रमका सहभागीहरु विशेष गरी सरकारी, गैर सरकारी एवं निजी प्रतिष्ठानमा कार्यरत कर्मचारी मात्र रहेको हुँदा कोषद्वारा नसमेटिएका अन्य क्षेत्रका नेपाली नागरिकहरुलाई पनि सामाजिक सुरक्षाको प्रत्याभूति सहितको बचत कार्यक्रमले समेट्न सकिने सम्भावना रहेको छ ।

- अवकाश कोष कार्यक्रमका सहभागीहरुलाई सेवाबाट निवृत्त भएपछि Annuity मा आधारित पेन्सन कार्यक्रम संचालन गर्न सकिने सम्भावना रहेको छ ।
- आर्थिक गतिविधिमा संलग्न स्वरोजगारहरुको ठूलो हिस्सा कोषको कार्यक्रमहरुको परिधिभन्दा बाहिर रहेको हुँदा त्यस्ता व्यक्तिहरुलाई कोषको बचत कार्यक्रममा आवद्ध गरी बचत वृद्धि गर्ने प्रचुर सम्भावना रहेको छ ।
- वैदेशिक रोजगारमा रहेका नेपालीहरुलाई लक्षित गरी एकांक योजना तथा अन्य उपयुक्त बचत कार्यक्रमहरु संचालन गरी पुँजी निर्माण गर्न सकिने अवसर कोषसँग रहेको छ ।
- देशको पुँजी बजारमा बजार निर्माता/स्टक डिलर जस्ता संस्थाको अभाव भएको सन्दर्भमा कोषले पुँजी बजारलाई गतिशिल बनाउन त्यस्ता निकायको स्थापना वा संचालन गर्न सकिने सम्भावना रहेको छ ।
- कोषले संकलन गरेको बचत रकमलाई राष्ट्रिय गौरवको आयोजनाहरुमा लगानी गरी "समृद्ध नेपाल सुखी नेपाली"को परिकल्पना पूरा गर्ने एवम् लगानी विविधीकरण गरी प्रतिफलको अभिवृद्धि गर्न सकिने अवसरहरु रहेका छन् ।
- कोषसँग पुँजी व्यवस्थापन (Fund Management) को लामो अनुभव तथा सर्वसाधारणको अगाध विश्वास र भरोसा रहेको हुँदा सार्वजनिक संस्थान तथा अन्य निकायहरुको पेन्सन कोष जस्ता कार्यक्रम संचालन गर्न सकिने सम्भावना रहेको छ ।

### ८.२. समस्या तथा चुनौती :

- नेपाल सरकारद्वारा संचालित सामाजिक सुरक्षा कोषले निजी तथा संगठित संस्थाका कर्मचारीहरुलाई अनिवार्य रुपमा कोष कट्टी गराउने प्रावधानले कोषको बचत वृद्धि अवकास कोष र उपदान कोष कार्यक्रमका सहभागीहरुको संख्याको वृद्धि दरमा कमी आइरहेकोले कोषले नयाँ कार्यक्रम मार्फत दायरा फराकिलो बनाउनुपर्ने चुनौति रहेको छ ।
- नेपाल सरकारको निर्णय बमोजिम कोषले संचालन गरिरहेको वीमा कोष कार्यक्रम राष्ट्रिय वीमा संस्थानलाई हस्तान्तरण गर्दा कोषको सहभागी संख्या तथा बचत रकमको परिमाणमा घट्ने प्रवृत्ति देखिएकोले त्यसको सट्टा अन्य त्यस्तै कार्यक्रमहरु ल्याउन चुनौतिपुर्ण रहेको छ ।
- प्रतिस्पर्धी बजारमा कोषको प्रतिस्पर्धात्मक क्षमता बढाउनका लागि आवश्यक जनशक्ति व्यवस्थापन गर्न चुनौति रहेको छ ।
